स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री श्रद्धा क्षेत्रीले फेसबुकमा लेखिन्, 'अवार्ड खरिद गर्न पनि सकिन्छ, तर इनाम भने कमाउनुपर्छ ।' अवार्ड खरिद गर्न सकिने भनेर बोलेपछि यसले मनोरञ्जन वृत्तमा चर्चा पनि चल्यो । तर यो सबथोकपछि श्रद्धाले केही दिनअघि काठमाडौंमा आयोजित एक भारतीय अवार्ड भने ग्रहण गरेकी छन् । उनले उक्त अवार्डको ट्रफी उचालेको तस्वीर फेसबुकमा सेयर गरेकी छन् । उनको यो तस्वीरले भनाइ र गराइमा अन्तरविरोध देखिन्छ ।

**आजको विचार...**



सत्ता...
(दुई पेजमा)

रामनारायण देव

अभिनेता दयाहाङ राई यस वर्षलाई 'प्याक' छन् । उनको पाइपलाइनमा फिल्मको चाङ छ । तर पनि उनले फिल्म सम्झौता गर्न छाडेका छैनन् । यसबीच, उनले नयाँ फिल्म 'कार्साङ' सम्झौता गरेका छन् । याम शेर्पाको लेखन तथा निर्देशनमा बन्न लागेको फिल्मलाई दयाहाङले तिहारपछिको समय दिएका छन् । तर, व्यस्तताका कारण उनले विभिन्न चरणमा फिल्मको छायांकन गर्नेछन् । सामाजिक विषयवस्तुमा बन्न लागेको फिल्मको नाममा नै कथा लुकेको निर्देशक शेर्पाले बताउँछन् ।



❒ वर्ष २८ ❒ अंक ३१० ❒ २०८० जेठ २५ गते बिहीबार 8 June 2023, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### खोलामा खस्दा एकको मृत्यु

**पाल्पा,** जेठ २४/रिडी खोलामा खस्दा एक पुरुषको मृत्यु भएको छ । पाल्पाको रैनादेवी छहरा गाउँपालिका-१ बर्दीस्थित रिडी खोलामा खस्दा गुल्मीको छत्रकोट गाउँपालिका-५ मानकोटका ४० वर्षीय निर्मल कुमालको मृत्यु भएको हो ।

मंगलबार दिउँसो खोला किसारमा हिडिरहेका बेला कुमाल अचनाक खोलामा खस्न पुगेका थिए । खोलामा खसकेका उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए । घटना लगत्तै प्रहरी चौकी सर्देवा र जिल्ला प्रहरी कार्यालय पाल्पाबाट गएको प्रहरी अनुसन्धान अधिकृत सहितको टोलीले प्रारम्भीक अनुसन्धानपछि शवलाई पोष्टमार्टका लागि श्रीक्षा स्वास्थ्यचौकी गुल्मीमा पठाइएको प्रहरीले जनाएको छ । घटना बारे थप अनुसन्धान भइरहेको छ ।

### रानीमहलमा भारतीय गाडी दुर्घटना : ३ घाइते

**पाल्पा,** जेठ २४/पाल्पाको रानीमहलस्थित रानीमहल सडक खण्डमा भारतीय नम्बरको गाडी दुर्घटना भएको छ । भारतको गोरखपुरबाट रानीमहल पुगेको युपी ५५ वाइ ३३०१ नम्बरको कार बुधबार दिउँसो दुर्घटना भएको हो । दुर्घटनामा तीन जना घाइते भएका छन् । घाइते हुनेमा भारत उत्तर प्रदेश ढडेपुरका ६० वर्षीय कृष्ण नारायण तिवारी, चालक उत्तर प्रदेश ककरहवाका ५२ वर्षीय विरेन्द्र पाण्डेय र रुपन्देहीका ५० वर्षीय बुद्धिराम मुराउ रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । उनीहरुको तानसेनस्थित युनाइटेड मिसन अस्पतालमा उपचार भइरहेको छ । घाइते मुराउको भने अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । कारमा ४ जना सवार रहेको र उनीहरु रानीमहल घुम्न आएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक विरेन्द्र थापाले जानकारी दिए ।

# पाल्पामा सवारी दुर्घटना न्यूनिकरणमा चासो

## चालक, सहचालकको स्वास्थ्य परीक्षणदेखि सवारी जाँच

रामचन्द्र रायमाझी

**पाल्पा,** जेठ २४/पछिल्लो समय पाल्पामा सवारी दुर्घटना बढ्न थालेपछि न्यूनिकरणमा चासो देखाइएको छ । चालकको लापरवाही र पुराना सवारी साधनका कारण अधिकांस दुर्घटना भएको भन्दै त्यसलाई न्यूनिकरण गर्न सम्बन्धित निकायले चासो देखाएका हुन् ।

जिल्लाका ट्राफिक कार्यालय, श्रीनगर यातायात सेवा कम्पनी प्रालिले बढ्दो दुर्घटना न्यूनिकरणका लागि चालक, सहचालकको स्वास्थ्य परीक्षणदेखि सवारी जाँच गरेका छन् । चालक, सहचालक अस्वस्थ हुनु र सवारी साधनका यान्त्रिकरणको अवस्था समेत ठिक नहुनुले दुर्घटना हुने गरेको भन्दै त्यसको समाधानका लागि स्वास्थ्य परीक्षण र सवारी साधन जाँच गरिएको हो । लायन्स लाकौल आँखा अस्पताल, पाल्पा अस्पताल, यातायात व्यवस्था सेवा कार्यालय र नेपाल रेडक्रस सोसाईटीको सहजीकरणमा बुधबार ७० जना चालक, सहचालक र ४१ सवारी साधन परीक्षण गरिएको छ । पाल्पाबाट छुट्ने लामा तथा छोटा दुरीका सवारी साधनको जाँच र चालक, सहचालकको स्वास्थ्य परीक्षण गरिएको हो । सवारी दुर्घटनाले ठूलो जनधनको क्षति भएसँगै दुर्घटनामा कमी गराउने उद्देश्यले सवारी चालक, सह चालक, र सवारी साधानको यान्त्रिकरण जाँच गरिएको जिल्ला ट्राफिक कार्यालयका प्रमुख दामोदर मल्लले बताए । उनले भने,' चालक र सहचालकमा उच्च रक्तचाप, आँखामा कमजोरी, जस्ता समस्या हुन सक्छन्, त्यति मात्र होइन सवारी सधानहरु पनि पुराना,यान्त्रिकरण बिग्रीएका हुन सक्छन्, जसले गर्दा दुर्घटना निम्त्याउन्छ, त्यसलाई रोक्नका लागि हामीले स्वास्थ्य परीक्षण र यान्त्रिकरण जाँच गर्ने अभियान नै थालेका हौं ।' अभियानको बुधबार एक





औपचारिक कार्यक्रम गरी शुभारम्भ गरिएको छ । कार्यक्रममा प्रमुख अतिथि तानसेन नगरपालिका ६ का वडा अध्यक्ष सागरमान महर्जनले दुर्घटना गराउनमा चालक, सहचालक र सवारी साधानको अवस्थाले महत्वपूण भूमिका खेल्ने बताए । उनले दुर्घटनाको कारणलाई नै पहिचान गरेर ट्राफिक प्रहरी र श्रीनगर यातायातले जुन किसिमको अभियानको सुरुवात गरेको छ त्यो प्रशंसनिय रहेको बताए । अध्यक्ष महर्जनले भने,'साँघुरा सडकसँगै जनघनत्वमा वृद्धि, सवारी साधनको संख्यामा वृद्धि हुँदै गएकाले सडक दुर्घटनाको जोखिम बढाएको छ । यस्तो अवस्थामा चालक, सहचालक र सवारी चेकजाँचले दुर्घटना न्यूनिकरणमा भने महत्वपूर्ण भूमिका खेल्ने छ ।' जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक श्रीराम भट्टले दुर्घटना हुन नदिन सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने बताए । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाका मन्त्री केशव नेपाल, आँखा अस्पतालका कार्यक्रम संयोजक सन्तोष दर्जी, पाल्पा उद्योग वाणिज्य संघका महासचिव समिरमान सिंह, पाल्पा व्यापार संघका अध्यक्ष बामदेव बस्याल, प्रेस चौतारी नेपाल पाल्पाका अध्यक्ष कृष्ण कार्की, सामुदायिक सेवा केन्द्रका जयप्रकाश उप्रेती लगायतले दुर्घटना न्यूनिकरणका लागि ट्राफिक कार्यालय र श्रीनगर यातायातले सञ्चालन गरेको अभियान सकरात्मक रहेको भन्दै यसलाई निरन्तरता दिन आग्रह गरे । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक श्रीराम भट्टको अध्यक्षता, यातायात व्यवसायी तथा श्रीनगर यातायात सेवाका किरण चित्रकारको स्वागत, कम्पनीका कार्यालय प्रमुख भविन्द्र गौतमको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# बजेटमा नागरिकका माग समेट्न भन्दै नगर सरकारलाई एमालेको ध्यानाकर्षण

कृष्ण पोखरेल

**पाल्पा,** जेठ २४/नेकपा एमाले तानसेन नगर कमिटीले आगामी वर्षको बजेटमा नागरिकका विभिन्न मागहरु सम्बोधन गर्न भन्दै तानसेन नगर सरकारलाई ध्यानाकर्षण गराएको छ । एमाले तानसेन नगर कमिटीका अध्यक्ष गुराश आत्रेयले विभिन्न विषयबस्तुका १८ बुदाँमा नगर प्रमुख सन्तोषलाल श्रेष्ठ र उप प्रमुख प्रतिक्षा गाहा सिंजालीलाई ध्यानाकर्षण पत्र बुझाएका छन् ।

कमिटीले नगर प्रमुख श्रेष्ठलाई वडा कार्यालयहरुलाई दिएको बजेट सिलिङ गत वर्षको भन्दा बढाउनु पर्ने, एक वडा एक किलोमिटर मोटरबाटो कालोपत्रे गर्ने कार्यक्रमलाई निरन्तरता दिनुपर्ने, नगरपालिकाभित्र रहेका मोटरबाटोमा ग्राभेल गरी बाह्रै महिना गाडी चल्ने व्यवस्था गर्नुपर्ने, कृषि र पशुपालनलाई उत्पादनमुखी र व्यवसायिक बनाउनुपर्ने, बन्यजन्तु व्यवस्थापनको ठोस योजना ल्याउनु पर्ने र नगर भित्रका कृषि उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्नुपर्ने माग गरेको छ । यसै गरी एमालेले कृषि, भेटेनरी सेवा गाउँ -गाउँ, टोल-टोलमा पुऱ्याउनु पर्ने, पर्यटन क्षेत्रको विकासका लागि पुर्वाधार विकास, तानसेन सौन्दर्यकरण र व्यवस्थापनको व्यवस्थित योजना र बजेट विनियोजन सहित श्रीनगर, दरबार परिसर, प्रभाष क्षेत्र,



रुरुक्षेत्र, रानीमहल, गुफाचौर, माण्डव्य सरोबर क्षेत्र, कुहिरेभिर लगायतको सौर्न्दयकरणको लागि विशेष बजेट विनियोजन गर्न माग गरेको छ । नारायणस्थान, भगवतीस्थान सहितका मन्दिरमा नियमित दिनभर दर्शन र पूजा गर्ने वातावरण बनाउनुपर्ने । तानसेन प्रवेश गर्दा फोहोरपानी र दुर्गन्धसहितको अवस्थालाई सुधार गरी बनदेवीको अव्यवस्थित फोहोर र होलाङ्दी ढल व्यवस्थापन सहित तानसेनको फोहोर व्यवस्थापन गर्नुपर्ने सबै स्वास्थ्य चौकीहरुमा औषधीको पर्याप्त व्यवस्था गर्नुपर्ने, निजी तथा सामुदायिक विद्यालयको शिक्षा सुधार कार्यक्रम, विद्यालय अनुगमन र नियमनको गरी गुणस्तरीय शिक्षाका लागि बजेट विनियोजन गर्नुपर्ने, तानसेनका सबै क्षेत्रको खानेपानी व्यवस्थापनसहित लिफ्ट खानेपानी योजनाको बिद्युत महशुल निशुल्क गर्नुपर्ने, तानसेनमा नियमित बिद्युत व्यवस्थापनमा पहल गर्दै, शहरीक्षेत्रको घरहरुमा इन्सुलेटरवाला कालो तारको व्यवस्था र काठको पोल विस्थापन गर्नुपर्ने तानसेन नगर कमिटीले माग गरेको छ । यसै गरी वडा कार्यालयमा योजना सम्झौता, भुक्तानीलगायतका सबै काम हुने बनाउने, तानसेनमा राष्ट्रियस्तरको प्रतियोगिता आयोजना र प्रत्येक वडाबाट प्रतिभावान खेलाडीको उत्पादनको लागि खेलकुद क्षेत्रमा पर्याप्त बजेट, वडा तथा केन्द्रहरुमा खुल्ला व्यायामशाला, कभर्डहल निर्माण लगायतका कार्यक्रम राख्नुपर्ने, सुशासन प्रवर्द्धन गर्न बजेट पुस्तिका प्रकाशन, सार्वजनिक सुनुवाई, खर्चको पारदर्शीता अवलम्बन गरी जवाफदेही सरकारको व्यवस्था गर्ने, सबै प्रकारका चुहावट रोक्नु पर्ने, अनुत्पादक क्षेत्रका प्रशासनिक खर्च कटौती गर्नुपर्ने, समिति उपसमितिका नामका बैठक भत्ता, इन्धनलगायतका खर्चलाई कटौती गरी सुशासनयुक्त सरकार बनाउनुपर्ने, बजारक्षेत्रमा व्यवस्थित पार्किङ गर्ने स्थान बनाउनुपर्ने र प्रत्येक क्षेत्रमा उठाइने पार्किङ शुल्क हटाउनुपर्ने साथै ट्राफिक व्यवस्थापन गर्नुपर्ने ...बाँकी अन्तिम पेजमा



## सूचना ! सूचना !! सूचना !!!

**प्रकाशित मिति : २०८०/०२/२३**

उपरोक्त सम्बन्धमा यस रानीमहल बचत तथा ऋण सहकारी संस्था लि. बाट हायर पर्चेजे र जग्गा धितो राखी कर्जा लिई चुक्ता गरिएको तर आफ्नो नाममा नामसारी नगरिएका शेयर सदस्यज्युहरुले यो सूचना प्रकाशित मितिले १५ दिन भित्र कार्यालयमा उपस्थित भई नामसारी पत्र लिई नामसारी गर्नुहुन अनुरोध छ । साथै यस संस्थामा शेयर खरिद गरी मासिक , ऐच्छिक, शैक्षिक र साप्ताहिक खाता खोली बचत नगर्नु भएको सदस्यज्युहरुले संस्थामा आई खाता बन्द गर्नुहुन अनुरोध गर्दछौं । यदि असार १५ गते भित्र नआएमा निस्क्रिय खातामा राखिने छ ।

*नोट: तोकिएको समय भित्र आएमा संस्थाको नियम अनुसार सिफारिस शुल्क लिई मात्र सिफारिस दिने व्यहोरा अनुरोध छ ।*

भूगोल प्रसाद बैजु श्रेष्ठ
अध्यक्ष
**श्री रानीमहल बचत तथा ऋण सहकारी संस्था लि.**
**तानसेन-३ पाल्पा**
**सम्पर्क नं : ०७५-५२०९३२**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## पर्यटन व्यवसायीलाई प्रोत्साहित गर

पछिल्लो केही समय यता नेपालमा कोरोना महामारी मत्थर भएको छ । महामारी कम भएपछि सबै क्षेत्र निर्वाध रुपमा सञ्चालन भइरहेका छन् । तर पर्यटन क्षेत्र भने अहिले पनि पुरानो अवस्थामा फर्किन सकेको छैन । कोरोना महामारी संसारभर कम भइरहेको र अधिकांशले खोप लगाए पनि पर्यटन क्षेत्र तंग्रिन नसक्नु दुखद् हो । देशको आयको ठूलो हिस्सा पर्यटन क्षेत्रबाट हुन्छ । तर यो क्षेत्र नै माथि उठ्न नसकेपछि देशको अर्थतन्त्रमै ठूलो समस्या उत्पन्न गराएको छ । ठूलो लगानी गरेका विदेशी पर्यटकलाई लक्षित गरी सञ्चालन गरिएका होटल व्यवसायी झन बढी मारमा परेको छन् । साना र मझौला होटल व्यवसायी केही तंग्रिए पनि ठूला लगानीमा सञ्चालन गरिएका होटल सुनसान जस्तै छन् । थला परेको पर्यटन क्षेत्रलाई पुरानै लयमा फर्काउने सरकारी योजना प्रभावकारी हुन सकेको छैन । सरकारले पर्यटन क्षेत्रलाई माथि उकास्न पर्यटन व्यवसायीहरुलाई प्रोत्साहन गर्न जरुरी छ । तर सरकारले त्यसतर्फ खासै ध्यान दिएको देखिँदैन ।

अहिलेको अवस्थामा स्थानीय, प्रदेश र संघीय सरकारले पर्यटन भित्र्याउने दिशामा आवश्यक कदम चाल्नुपर्दछ । गुल्मीको रेसुङ्गा नगरपालिकाले पर्यटक भित्र्याउन 'जाउँ हिड रेसुङ्गा' भन्ने अभियान नै चलाएको छ । यो निकै नै प्रशंसनिय छ । यस्तो काम अन्य सरकारले पनि गर्नुपर्दछ । अहिले त पर्यटन व्यवसायीको मनोवल बलियो बनाउन सरकारले साथ दिन्छ भन्ने विश्वास दिलाउनुपर्छ । सरकारले पर्यटन व्यवसायलाई सहयोग पुग्नेगरी पर्यटन व्यवसायी र नेपाल वायु सेवा निगमसँग समन्वय गरेर विशेष कार्यक्रम तर्जुमा गर्न अग्रसरता लिनुपर्छ । त्यतिमात्र गर्न सके पनि पर्यटन व्यवसायी उत्साहित हुनेछन् । तसर्थ पर्यटन व्यवसायीलाई उत्साहित बनाएर धेरै भन्दा धेरै पर्यटकहरु भित्र्याउने दिशामा तीनै तहका सरकारले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

कस्तो पाठ सिकाइस् ए जिन्दगी, मलाई एकातिर भन्छस् प्रतिक्षाको फल मिठो हुन्छ र अर्कोतिर समयले कसैलाई पर्खिदैन ।

(मनिस मगरको फेसबुक स्टाटस https://www.facebook.com/inocent.manish.)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सत्ता टिकाउन किन खोज्छन् भारतकै आशीर्वाद ?



**रामनारायण देव**

*नेपाल सार्वभौम सत्ता सम्पन्न स्वतन्त्र राष्ट्र भएकाले एकअर्काको आवश्यकता र मान्यताबाट प्रेरित छ । स्वतन्त्र र स्वाभिमानी रुपमा बाँच्न भारतवेष्टित मुलुक भएकाले भारतको भर पर्नु स्वाभाविकै हो । विश्व बजारसँग व्यापार गर्ने सामुद्रिक मार्ग नभएर पनि भारतमाथि भर पर्नुपरेको छ । त्यसैले नेपालको मुख्य बजार भारत नै हो । भारतमा उत्पादित सामग्रीहरूको खपत हुने बजार नेपाल पनि हो । यिनै कारण भारतसँग व्यापार र पारवहन सम्झौता गर्नु आवश्यक छ । भारतसँग सीमालगायतका विभिन्न समस्या छन् । विगतदेखि नै निर्वाचित भएपछि नेपालका प्रधानमन्त्रीहरू भारत भ्रमणमा जाने परम्परा छ । सोहीअनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' चार दिने भारत भ्रमणमा गएका हुन् । भ्रमणबाट फर्किने बित्तिकै गत शनिबार त्रिभुवन विमानस्थलमा पत्रकार सम्मेलनको आयोजना गरी उनले राजनीतिक नेतृत्व तहमा रहेको विश्वासको संकट यस पटकको भ्रमणले समाधान गरेको जानकारी दिए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालसँगको सम्बन्ध हिमाल जतिकै उच्च भएको बताएको कुरा पनि उनले जानकारी गराए । यसले दुवै देशको सम्बन्ध अझ प्रगाढ बनेको छ । प्रधानमन्त्री प्रचण्डले सन् २०१९ देखि अप्ठ्यारो बनेको दुई देशको सम्बन्धमा आफ्नो भ्रमणले सुधार ल्याएको दाबी पनि गरे ।*

नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' चार दिवसीय भ्रमण सकेर गत शनिबार स्वदेश फिर्ता भएका छन् । भारत नेपालबिच सदियौँदेखि सामाजिक, सांस्कृति, धार्मिक सम्बन्ध रहिआएको छ । दुई देशबिच साझा मूल्य र मान्यतामा आधारित सम्बन्ध रहेको छ । दुवै देश आर्य हिन्दु संस्कृतिका वाहक हुन् । दुवै देशवासी धार्मिक आस्थाबाट प्रेरित भई एकअर्काका तीर्थस्थलमा बिनाराहदानी खुला सीमाको उपयोग गरी आवतजावत गर्छन् । पारस्परिक रगतको सम्बन्ध पनि छ । यति हुँदाहुँदै पनि यी दुई मुलुक अलग अलग सार्वभौम सत्ता सम्पन्न र स्वतन्त्र मुलुक हुन् । नेपाल सार्वभौम सत्ता सम्पन्न स्वतन्त्र राष्ट्र भएकाले एकअर्काको आवश्यकता र मान्यताबाट प्रेरित छ । स्वतन्त्र र स्वाभिमानी रूपमा बाँच्न भारतवेष्टित मुलुक भएकाले भारतको भर पर्नु स्वाभाविकै हो । विश्व बजारसँग व्यापार गर्ने सामुद्रिक मार्ग नभएर पनि भारतमाथि भर पर्नुपरेको छ । त्यसैले नेपालको मुख्य बजार भारत नै हो । भारतमा उत्पादित सामग्रीहरूको खपत हुने बजार नेपाल पनि हो । यिनै कारण भारतसँग व्यापार र पारवहन सम्झौता गर्नु आवश्यक छ । भारतसँग सीमालगायतका विभिन्न समस्या छन् ।

विगतदेखि नै निर्वाचित भएपछि नेपालका प्रधानमन्त्रीहरू भारत भ्रमणमा जाने परम्परा छ । सोहीअनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' चार दिने भारत भ्रमणमा गएका हुन् । भ्रमणबाट फर्किने बित्तिकै गत शनिबार त्रिभुवन विमानस्थलमा पत्रकार सम्मेलनको आयोजना गरी उनले राजनीतिक नेतृत्व तहमा रहेको विश्वासको संकंट यस पटकको भ्रमणले समाधान गरेको जानकारी दिए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालसँगको सम्बन्ध हिमाल जतिकै उच्च भएको बताएको कुरा पनि उनले जानकारी गराए । यसले दुवै देशको सम्बन्ध अझ प्रगाढ बनेको छ । प्रधानमन्त्री प्रचण्डले सन् २०१९ देखि अप्ठ्यारो बनेको दुई देशको सम्बन्धमा आफ्नो भ्रमणले सुधार ल्याएको दाबी पनि गरे । यो भ्रमण पारवहन सन्धि नवीकरण, नेपालको व्यापार घाटा कम गर्ने, कृषि उपजलाई वृद्धि गर्ने र भन्सारमा सहजीकरण गर्ने विषयमा बढी केन्द्रित भएको पनि उनले बताए । यो भ्रमण विगतको भन्दा परिणाममुखी रहेको उनको जिकिर थियो । यति हुँदाहुँदै पनि भ्रमणमा केही महत्त्वपूर्ण र दूरगामी समझदारी भएका छन् । दीर्घकालीन ऊर्जा व्यापारमा १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने कुरा नेपालले पहिलेदेखि नै गर्दै आएको थियो । त्यसलाई प्रधानमन्त्री मोदी आफैँले प्रस्ताव राखी सहमति जनाएका छन् । नेपालका विभिन्न जलविद्युत् आयोजनामा भारतीय लगानी भित्र्याउने, द्विपक्षीय ऊर्जा व्यापारका लागि ट्रान्समिसन लाइनलगायतका संरचना निर्माण गर्ने र नेपालबाट भारततर्फ ऊर्जाको दीर्घकालीन व्यापारका लागि वैधानिक आधार सुनिश्चित गर्ने सहमति भ्रमणका क्रममा भएको छ । दीर्घकालीन ऊर्जा व्यापारका सम्बन्धमा भारतीय भूमि हुँदै बङ्गलादेशसम्म नेपालबाट जलविद्युत निर्यातको सुरुवात गर्ने र त्रिपक्षीय सम्झौताका लागि प्रक्रिया अघि बढाउने सहमति पनि भएको छ । सीमा सम्बन्धी विषय भारतीय समकक्षीसँग खुलेर कुरा गरेको प्रधानमन्त्री प्रचण्डको दाबी छ । यस विषयमा भारतीय प्रधानमन्त्रीसँग समाधान खोज्नै पर्छ । दीर्घकालसम्म यो समस्या राखिरहे यसले दुई देशबिचको सम्बन्धलाई झन् जटिल बनाउँछ । प्रचण्डले सीमासम्बन्धी विषय कूटनीतिक संयन्त्रमार्फत समाधान गर्न भारतका प्रधानमन्त्रीलाई आग्रह गरेको पनि बताए ।

प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण व्यापार र पारवहनका हिसाबले उपलब्धिपूर्ण रहे पनि सीमा तथा प्रबुद्ध व्यक्तिहरूको समूह (ईपीजी) बारे डटेर कुरा नराखेकामा सर्वत्र टीकाटिप्पणी भइरहेको छ । किनभने भारतले पश्चिम नेपालको कालापानी क्षेत्रका लिम्पियाधुरा, लिपुलेक लगायतका स्थानमा सीमा मिचेर सडक लगायतका संरचना निर्माण गरेको छ । त्यो क्षेत्रमा वि.सं. २०१८ (१९६२ ई) देखि नै भारतीय सैनिकहरू क्याम्प नै बनाई निर्बाध रूपमा परिचालन भएका छन्, सैन्य गतिविधि गरिरहेका छन् । विगत ६२ वर्षदेखि नेपाली धरतीमा भारतीय सैनिकले परेड खेलिरहेका छन् । यो कार्यलाई नेपाल सरकारले नदेखेझैँ गरेको छ । भारतले ती क्षेत्र आफ्नो नक्सामा पारेको छ । नेपालमा चार वर्षअघि यसको व्यापक विरोध भएको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले विरोध गरी भारतलाई नक्सा सच्याउने आग्रह गरेका थिए । ओलीले नक्सा नै संशोधन गरी कालापानी क्षेत्रका नेपालका भूभाग समेटेर नयाँ चुच्चे नक्सासमेत तयार पारी प्रचलनमा ल्याएका छन् ।

कालापानी क्षेत्र भारतका लागि अति संवेदनशील सामरिक महत्त्वका क्षेत्र हो । सन् १९६२ मा भारत-चीन युद्ध हुँदा चिनियाँ सेनाले भारतको पूर्वी भू-भाग अरुणाञ्चल प्रदेशमा कब्जा जमाएको थियो भने पश्चिम काश्मीर नजिक लद्दाख क्षेत्रमा हमला गरिराखेको समयमा तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले राजा महेन्द्रसँग सल्लाह गरी कालापानी भू-भागमा भारतीय सेना राखिएको थियो । तर युद्ध समाप्त भए पनि भारतीय सैनिक क्याम्प हटेन । उल्टै स्थायी रूपमा नै बस्न थाले । भारतले महाकाली नदीको उद्गम स्थल नै परिवर्तन गरायो । उसले एउटा सानो खोल्सोलाई महाकाली नदीको उद्गम स्थानका रूपमा व्याख्या गर्न थाल्यो । कालापानीका लिपुलेक, लिम्पियाधुरा लगायतका सम्पूर्ण भूभाग नेपालको स्वामित्वमा छ । किनभने त्यहाँका जनताले नेपाल सरकारलाई पहिलेदेखि नै तिरो, कर बुझाएका रसिद सुरक्षित छन् । भारतका पुराना नक्सा ( अंग्रेजको समय) मा उक्त क्षेत्र नेपालमै देखाइएको छ । विसं २०१८ मा नेपाल सरकारले त्यो क्षेत्रमा जनगणना गराएको अभिलेख पनि सुरक्षित छ । त्यहाँ जनगणना गर्ने वरिष्ठ वयोवृद्ध पत्रकार भैरव रिसाल (९५ वर्ष) पनि जिउँदै हुनुहुन्छ । यसरी नेपालको अखण्ड भूभागमाथि अधिकार नहुनु आफैँमा बडो विडम्बनाको विषय हो । यस विषयमा प्रधानमन्त्री प्रचण्डले गम्भीर रूपमा उठाउनु पर्दथ्यो तर उठाएनन् । विवादमा पर्न चाहेनन् । सौहार्दपूर्ण सम्बन्ध राख्ने नाममा यस्ता कुरा उठाएर विवादमा फस्न उनले चाहेनन् ।

त्यसैगरी २०७२ चैतमा नेपाल र भारतका प्रबुद्ध व्यक्तिको समूह (इपिजी) गठन भएको थियो । त्यसलाई सन् १९५० मा भारतसँग भएको सन्धिलाई पुनरावलोकन गर्न आवश्यक सुझावसहितको प्रतिवेदन तयार गर्ने जिम्मा दिइएको थियो । त्यसले लामो समयसम्म अध्ययन गरी सो प्रतिवेदन तयार पार्‍यो । यो तयार पारेको पनि वर्षौं भइसकेको छ । तर उक्त प्रतिवेदन भारतले बुझ्न मानिरहेको छैन । सो विषय पनि प्रधानमन्त्री प्रचण्डले भ्रमणमा उठाउनुपर्दथ्यो तर उठाएनन् । भारतले दक्षिणी सीमा क्षेत्रमा बाँध निर्माण गरेकाले तराईका अधिकांश जिल्लामा डुबान हुन्छ । जनहितसम्बन्धी ती कुरा पनि उठाएनन् । वर्षायाममा सीमा क्षेत्रका यस्ता बाँधले तराईका अधिकांश जिल्ला जलमग्न हुन्छन् । यो दुवै देशको प्रमुख समस्या हो । यसरी प्रधानमन्त्री प्रचण्डले नेपालको सार्वभौमसत्ता र स्वतन्त्र अस्तित्वसँग गाँसिएको संवेदनशील विषय भारत समक्ष उठाउन नसक्दा उनका कमजोरी तथा कूटनीतिक कौशलको कमी रहेको प्रस्ट देखिन्छ । यसभित्र सत्ता टिकाउने स्वार्थ रहेको शंका पनि गर्न सकिन्छ । नेपालका कुनै पनि प्रधानमन्त्रीले भारतीय समकक्षीसँग डटेर निर्भीक रूपमा आफ्ना कुरा राख्न नसक्नु विडम्बना हो । नेपाल सधैँ भारतसामु नतमस्तक भइरहनु नेपाली जनताका दुर्भाग्य हो । राष्ट्रिय हितभन्दा सत्ता हितमा केन्द्रित हुनु नेपाली नेताहरूको नियति नै बनेको छ । नेपाल भारतीय नेता समक्ष डटेर समस्या राख्न सक्दैनन् । त्यसैले भारतले हरेक क्षेत्रमा नेपाललाई हेप्ने गरेका छन् । सरकारमा जानेहरू सधैँ सत्ता टिकाउने भारतकै आशीर्वाद खोज्छन् ।

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : न्यायिक कार्यमा सफलता मिल्नेछ। शुभकार्यको चर्चा चल्नेछ ।

**वृष** : शुभ समाचार सुन्न पाइएला । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।

**मिथुन** : निर्णयमा कमी आउनेछ। अधिकारका लागि संघर्ष गर्नु पर्ला ।

**कर्कट** : कृषि कार्यबाट लाभ मिल्नेछ । आफन्त संग भेट घाट हुनेछ ।

**सिंह** : नयाँ कार्यको थालनी हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ ।

**कन्या** : वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। राज्यबाट मान सम्मान पाइनेछ ।

**तुला** : झञ्झटिलो काम आईपर्ला । विश्वासघात होला ।

**वृश्चिक** : कामबाट लाभ मिल्नेछ । शत्रु र विपक्षी पराजित हुन सक्छन् ।

**धनु** : आकस्मिक धन लाभ हुनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ ।

**मकर** : पद र प्रतिष्ठाको संभावना छ। मन प्रसन्न र खुसीपनि रहनेछ ।

**कुम्भ** : परिवारमा सुख सन्तोष छाउने छ। कला र गलाको प्रभाव बढ्नेछ ।

**मीन** : व्यवसायमा लाभ मिल्नेछ । परिवारिक सद्भाव बढ्नेछ ।




बाल निबन्ध ● कमल रिजाल

# समन्वयवादको सिद्धान्त



प्रकृति जीवन हो, जगत हो अनि जीवन र जगत्को आधार हो । संसार बनाउने, चलाउने, खेलाउने सबै यसैले हो । ऊ एकैसाथ एकबाट अनेक हुन पनि सक्छ अनेकबाट एक हुन पनि सक्छ । संसारमा ऊभन्दा शक्तिशाली कोही छैन । हामीले जसलाई भगवान् भनेर शक्तिशाली पात्रको कल्पना गरेका छौँ वा हुन्छौँ त्यो पनि आफैँमा प्रकृति नै हो । ऋषि मुनिहरूले सजिलोसँग बुझाउनका लागि उसका स्वरूप चित्रण गरेका हुन् । सांख्य दर्शनले प्रकृतिमा तीन वटा सत्यलाई स्वीकारेको छ । अथवा यसलाई यसरी पनि भनौँ उसको तीन वटा स्वरूपलाई मानेको छ । यिनमा पहिलो प्रकृति आफैँ पर्छ । दोस्रोमा विकृति र तेस्रोमा न प्रकृति न विकृति पर्छ । यीमध्ये प्रकृति भनेको हरेक क्षण भिन्न रूपमा प्रकट हुने वा हुन सक्ने शक्ति हो । त्यस्तै विकृति भनेको प्रकृतिमा विकार आउँदा वा विकार उत्पन्न हुँदा प्रकट हुने वस्तु, चीज वा नतिजा हो ।

मानिलिनुस् दूध प्रकृति हो भने दही उसको विकृति हो । त्यस्तै दही प्रकृति हो भने घ्यु उसको विकृति हो । एउटै चीज वा अवस्था कहिले प्रकृति बन्छ कहिले विकृति बन्न पुग्छ । प्रकृति चल्दा वा चलाउँदा जुन स्वरूप खडा हुन्छ त्यही नै विकृति हो । यसैले संसार चलाएको छ, बोलाएको छ, बढाएको छ । यसलाई तपाईँ कार्य र कारणको खेल भन्न पनि सक्नुहुन्छ । कारणबाट कार्य बन्छ । पुन: त्यही कार्य नै अर्को कार्यको कारण बन्न पुगिरहेको हुन्छ । संसारका यावत गतिविधि यसैको निरन्तरता हो । यसैको शृङ्खलामा जोडिएको हुन्छ । न प्रकृति न विकृति भनेको पुरुष हो । सांख्य दर्शनले यसैलाई पुरुषको संज्ञा दिएको छ, जसलाई तपाईँ ईश्वरको संज्ञा दिन पनि सक्नुहुन्छ, मानिसको संज्ञा दिन पनि सक्नुहुन्छ । प्रकृति नर्तकी हो, नाच्ने कला उसैसँग छ । यसमा कसैको वैशाखी चाहिन्न । न गुरुकै आवश्यकता रहन्छ तर पुरुषको सान्निध्य भने खोजेको हुन्छ । जबतक पुरुषको सामीप्य भेट्टाउन्न तबतक प्रकृति निष्क्रिय अवस्थामा रहन्छ । केही हराए जस्तो, कसैको पर्खाइमा बसे जस्तो, मुख अँध्यारो, व्यवहार अँध्यारो तर जब पुरुषको सामीप्य पाउँछ वा भेट्टाउँछ तब रमाएर यति बढी फुरफुर पर्छ कि आफैँ सक्रिय भई नृत्य सुरु गर्छ । प्रकृतिको धर्म विकृति हो, यसमा खेल्ने छुट उसैले पाउनुपर्छ, उसैलाई दिनुपर्छ । पुरुष अर्थात् मानिसको धर्म न प्रकृति न विकृति हो । यसको धर्म आफैँले निर्वाह गर्नुपर्छ तर व्यवहार हेर्नुभयो भने ठिक विपरीत देख्नुहुन्छ ।

> *संसारका यावत गतिविधि यसैको निरन्तरता हो । यसैको शृङ्खलामा जोडिएको हुन्छ । न प्रकृति न विकृति भनेको पुरुष हो । सांख्य दर्शनले यसैलाई पुरुषको संज्ञा दिएको छ, जसलाई तपाईँ ईश्वरको संज्ञा दिन पनि सक्नुहुन्छ, मानिसको संज्ञा दिन पनि सक्नुहुन्छ । प्रकृति नर्तकी हो, नाच्ने कला उसैसँग छ । यसमा कसैको वैशाखी चाहिन्न । न गुरुकै आवश्यकता रहन्छ तर पुरुषको सान्निध्य भने खोजेको हुन्छ । जबतक पुरुषको सामीप्य भेट्टाउन्न तबतक प्रकृति निष्क्रिय अवस्थामा र हन्छ । केही हराए जस्तो, कसैको पर्खाइमा बसे जस्तो, मुख अँध्यारो, व्यवहार अँध्यारो तर जब पुरुषको सामीप्य पाउँछ वा भेट्टाउँछ तब रमाएर यति बढी फुरफुर पर्छ कि आफैँ सक्रिय भई नृत्य सुरु गर्छ । प्रकृतिको धर्म विकृति हो, यसमा खेल्ने छुट उसैले पाउनुपर्छ, उसैलाई दिनुपर्छ । पुरुष अर्थात् मानिसको धर्म न प्रकृति न विकृति हो । यसको धर्म आफैँले निर्वाह गर्नुपर्छ तर व्यवहार हेर्नुभयो भने ठिक विपरीत देख्नुहुन्छ ।*

उसले प्रकृतिको धर्ममाथि हस्तक्षेपको औजार चलाउने मात्र गरेको छैन वा हुँदैन न प्रकृति न विकृतिको अवस्थामा रहनुपर्ने आृनो धर्मप्रति विमुख हुनेसमेत गरेको छ । कसैले पनि प्रकृतिको गुण चलाउनु पनि हुँदैन र आफ्नो धर्मबाट विमुख हुने धृष्टता गर्नु पनि गर्नुहुँदैन तब मात्र संसार सुखद हुन्छ । जब मानिस प्रकृतिको धर्ममाथि हस्तक्षेप गर्न पनि पुगेको छ र आफ्नो धर्मबाट विमुख भएको पनि छ भने कसरी हुन्छ संसार सुखमय ?

हामी प्रकृतिको भएनौँ, प्रकृतिमा पनि रहेनौँ, प्रकृतिको पनि हुन सकेनौँ र विकृतिलाई पनि छाडेनौँ यही हो हाम्रो दु:ख, यही हो दु:खको कारण । कारण दु:खद भएपछि कार्य दु:खद हुने नै भए । पुन: त्यही कार्य नै अर्को कार्यको कारण हुने भएकाले हाम्रा दु:ख अभाव र अशान्ति अन्त्यहीन शृङ्खला बन्न पुगेको छ । यसबाट के प्रस्ट हुन्छ भने दु:खको कारण संसार होइन हामी नै हौँ र दु:ख संसारमा छैन हामीभित्रै छ । भनाइको अर्थ हो द्वन्द्व तपाईभित्रै छ । तपाईँलाई पनि द्वन्द्व आवश्यक छ । तपाईँको रोग, भोक, शोक निवारण गर्ने अचुक अस्त्र भनेकै यही हो । तपाईका हरेक क्रियाकलापमा द्वन्द्व छ, द्वन्द्व हुन्छ । समाजमा द्वन्द्व छ, रगतका तोपातोपमा द्वन्द्व छ, प्राणको प्रत्येक स्पन्दनमा द्वन्द्व हुन्छ । द्वन्द्वले नै उसलाई उठाएको छ, चलाएको छ, बढाएको छ तर संगति भने मिलाउनुपर्छ, मिल्नुपर्छ, मिलेको हुनुपर्छ । तपाई यसलाई द्वन्द्ववाद भन्न पनि सक्नुहुन्छ, द्वन्द्वात्मक समन्वयवाद भन्न पनि सक्नुहुन्छ । अहिलेसम्म द्वन्द्वलाई मात्र हेरियो, द्वन्द्ववादको मात्र कुरा गरियो तर संगति मिल्नुपर्छ भन्नेतिर हेरिएन, हेर्ने कुरै गरिएन । त्यसैको प्रतिफल हामी आफैँ भोगिरहेका छौँ । हाम्रा रोग, भोक, शोकका मूल कारण भनेकै यही हो । प्रश्न उठ्न सक्छ संगति मिलाउने भनेको के हो ? कसरी मिलाउने हो ? उत्तर सहज छ । केही पनि नगर्ने, हरेक काम होसमा गर्ने, होसपूर्वक गर्ने, सके आफूमा अरूलाई देख्ने नसके अरूभित्र आफूलाई खोज्ने, सकेसम्म केही पनि होइन, छैन भन्दै जाने, जसलाई वेदले नेतिनेति भनेको छ । नसके तिनैलाई जीवनको मूल आधार ठानी जतन गर्ने, सदुपयोग गर्ने, आदर गर्ने । यही नै द्वन्द्वात्मक समन्वयवाद वाद हो, द्वन्द्वात्मक समन्वयवादको सिद्धान्त हो । द्वन्द्व नैसर्गिक गुण भएकाले छाड्न त सकिन्न तर समन्वय गर्न भने सकिन्छ । त्यसैले अबको यात्रा त्यतैतिरको हुनुपर्छ । अन्यथा हामीले चाहेको सुख, शान्ति र आनन्द केवल चाहनामै सीमित हुनेछ ।

*-रातोपाटी डटकम*

व्यक्तित्व ● श्रीओम श्रेष्ठ 'रोदन'

# सार्थक जीवनका उदाहरणीय व्यक्तित्व

> *साहित्यिक क्षेत्रले एक प्रकारले अनुमोदन गरेपछि मात्र सिर्जनाको विशेष अर्थ हुने गरेको छ । भनौँ सिर्जनाले सामाजिक मूल्य पाएपछि स्रष्टाको परिचय स्थापित हुने र विशेष मूल्याङ्कन हुने गरेको छ । त्यसैले सबै साहित्य लेख्नेहरू साहित्यकारका रूपमा परिचित र स्थापित हुन सकेका छैनन् । जसका भएका छन् तिनीहरू आआफ्ना उचाइअनुसार साहित्यमा नहराउने भएका छन् । नश्वर शरीर हुँदा र नहुँदा पनि सिर्जनाले जीवित भएका छन् । त्यस्तै कालजयी सिर्जनाहरूकै कारण नेपाली साहित्य पनि धनी बनेको छ । यसरी नै नेपाली भाषा साहित्यलाई धनी बनाउने काम गर्नुभएको छ वरिष्ठ साहित्य साधक आरडी प्रभास चटौतले । उहाँको नाम लिनासाथ स्वत: आउने गर्दछ, नेपाली भाषा, साहित्य र संस्कृतिका सन्दर्भ । स्वाभाविक पनि हो ।*

वर्तमानको साहित्यमा लेख्नेहरूको कमी छैन । प्रत्येक वर्ष झण्डै पाँच सयभन्दा बढीका संख्यामा साहित्यका नाममा पुस्तकहरू प्रकाशित भइरहेका छन् । तर सबै पुस्तक सम्बन्धित विधाको अभिलेखमा पनि पर्दैनन् । वर्षभरि प्रकाशन भएका साहित्यिक पुस्तकहरूमा दश प्रतिशतका हाराहारीले चर्चा र बजार पाउने गरेका छन् । विधागत उन्नयनका दृष्टिले त्यसभन्दा पनि कम पुस्तकको विशेष अभिलेख हुने गरेको मानिन्छ । त्यसैले सिर्जना र प्रकाशन गर्नु मात्र साहित्यका लागि महत्त्वपूर्ण हुँदैन । साहित्यिक क्षेत्रले एक प्रकारले अनुमोदन गरेपछि मात्र सिर्जनाको विशेष अर्थ हुने गरेको छ । भनौँ सिर्जनाले सामाजिक मूल्य पाएपछि स्रष्टाको परिचय स्थापित हुने र विशेष मूल्याङ्कन हुने गरेको छ । त्यसैले सबै साहित्य लेख्नेहरू साहित्यकारका रूपमा परिचित र स्थापित हुन सकेका छैनन् । जसका भएका छन् तिनीहरू आआफ्ना उचाइअनुसार साहित्यमा नहराउने भएका छन् । नश्वर शरीर हुँदा र नहुँदा पनि सिर्जनाले जीवित भएका छन् । त्यस्तै कालजयी सिर्जनाहरूकै कारण नेपाली साहित्य पनि धनी बनेको छ । यसरी नै नेपाली भाषा साहित्यलाई धनी बनाउने काम गर्नुभएको छ वरिष्ठ साहित्य साधक आरडी प्रभास चटौतले । उहाँको नाम लिनासाथ स्वत: आउने गर्दछ, नेपाली भाषा, साहित्य र संस्कृतिका सन्दर्भ । स्वाभाविक पनि हो । नेपाली भाषासाहित्यका सन्दर्भमा उहाँ नहुँदा स्वत: अधुरो र अपुरो हुने पनि तथ्यले प्रमाणित भइसकेको छ ।

पश्चिम नेपालको डडेलधुरामा जन्मनुभएको पनि साढे आठ दशक नाघिसकेको छ । तर पनि भाषा साहित्यमा उहाँको सक्रियता ऊर्जाशील बनिरहेको छ । आफू जन्मेको भूगोलको इतिहास, भाषा, साहित्य, संस्कृति, परम्परालाई सम्मान गर्दै त्यसको संरक्षण, संवर्द्धन र प्रचार कार्यमा निरन्तर लागिरहनुभएको छ । यस प्रकारको सिर्जनात्मक चेतना आर डी प्रभासमा बाल्यकालदेखि नै भएको प्रमाणित गर्नुभएको छ । जति बेला उहाँको जुँगाको रेखी पनि बसेको थिएन, त्यति बेला अर्थात् तेह्र वर्षकै उमेरमा उहाँको गाउँ डगाँरी वरपरका क्षेत्रमा सलहको आतङ्क मच्चियो । सलहले त्यस क्षेत्रमा भएका सम्पूर्ण बालीनाली सखाप पारिदियो । खेतीपातीमा निर्भर हुने कृषकहरू पाकेको बाली भित्र्याउन नपाएपछि हुनसम्मका दु:खी भए । त्यही घटनाले किशोर आरडी प्रभासलाई गहिरो गरेर छोयो । उहाँले पहिलो पटक त्यही किसानहरूको पीडालाई आफ्नो कवितामा उतार्नुभयो । डोट्याली भाषामा लेख्नुभएको कविता प्रकाशित पनि भयो वि.सं. २००६ मा । किशोर वयमा पनि अरूका दु:खलाई आत्मसात् गर्न सक्ने हुनु भएकैले त्यति बेला उहाँमा सिर्जनात्मक क्षमताको विकास भएको थियो । यसरी आर डी प्रभासले प्रारम्भ गर्नुभएको आफ्नो सिर्जना यात्रा पचहत्तर वर्षको भइसकेको छ । यति लामो अवधिसम्मको निरन्तरता कुनै पनि दृष्टिले सामान्य होइन विशेष विशेष नै हो । अरू सिर्जनशीलहरूका लागि राम्रो उदाहरण पनि हो । जीवनमा साढे सात दशकभन्दा बढी समय सिर्जनामा सक्रिय हुन सक्नु साहित्यकार आरडी प्रभासको लागि ठूलो सौभाग्य पनि हो । त्योभन्दा बढी नेपाली भाषा साहित्यको सम्पत्ति पनि हो । त्यसैले अब आर डी प्रभास चटौत साहित्यिक व्यक्तित्व मात्र नभएर एउटा गौरवशाली संस्था नै बनिसक्नुभएको छ । नेपाली भाषामा उहाँले कविता, गीत, कथा, निबन्ध र जीवनी लेख्नुभएको छ । नाटक लेखेर वि.सं.२०१९ मा नै मञ्चन पनि गर्नुभएको छ । लोकपरम्परा, संस्कृति र धार्मिक ग्रन्थ लेख्नुभएको छ । अनुवाद र अनुसन्धान गर्नुभएको छ । यी सबै विषयमा हालसम्म तीन दर्जनभन्दा बढी पुस्तकहरू प्रकाशित गरिसक्नुभएको छ । आफ्नो जन्म क्षेत्र सुदूरपश्चिमाञ्चलको लोकजीवन, लोकसंस्कृति र परम्पराको बारेमा लेखेर जोगाउने र प्रचार गर्ने काम गर्नुभएको छ । त्यसैले संरक्षण र संवर्धन कार्यका लागि उहाँका पुस्तकहरूको अहम् भूमिका रहेको छ ।

वि.सं.२०३७ मा उहाँको कविता संग्रह 'जीवनका घडी पला' प्रकाशित भएको थियो । उहाँले पुऱ्याउनुभएको योगदानको सम्मान गर्दै सूर्यविक्रम ज्ञवालीजस्ता विशिष्ट विद्वान्ले लेख्नुभएको स्मरणयोग्य छ । उहाँले लेख्नुभएको थियो, 'व्याकरणलाई मिच्ने कविको अधिकार प्रभासजीले बाँकी नराख्नुभएको भए पनि उहाँका भाषा सरल र पढूँ पढूँ लाग्ने तथा ओजपूर्ण पनि छन् ।' यसरी उहाँको सिर्जनात्मक शक्तिलाई धेरै जना नेपाली साहित्यका नक्षत्रहरूले पनि सम्मान गरेका छन् । कविवर सिद्धिचरण श्रेष्ठ, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका पहिलो कुलपति केदारमान व्यथित र राष्ट्रकवि माधव घिमिरेजस्ता नेपाली कविताका सर्वोच्च व्यक्तित्वहरूले पनि आर डी प्रभासका कविताको प्रशंसा गरेका छन् । स्वामी प्रपन्नाचार्य, शताब्दी पुरुष सत्यमोहन जोशीका साथै पूर्व प्रधानमन्त्रीहरू लोकेन्द्रबहादुर चन्द, गिरिजाप्रसाद कोइराला र रामहरि शर्माले उहाँका सिर्जनाका महत्त्वलाई स्पष्ट पारेका छन् । नेपाली साहित्यका विशिष्ट हस्तीहरू कृष्णचन्द्रसिंह प्रधान, डा.तारानाथ शर्मा, विजय मल्ल, ईश्वरवल्लभ, प्राडा वासुदेव त्रिपाठी, प्राडा दयाराम श्रेष्ठ, डा.रामदयाल राकेश, शिवगोपाल रिसाल, डा.अभि सुवेदी, रामकुमार पाण्डेजस्ता मानक नेपाली साहित्यकारहरूबाट आर डी प्रभासका पुस्तकहरूमा प्रशस्त प्रशंसा पाउनुभएको छ । यो ऐतिहासिक सफलता पाउने थोरै साहित्यकारमा पर्नुभएको छ उहाँ । सिर्जना यात्राका अथक यात्रीका लागि योभन्दा ठूलो कमाइ र प्रतिष्ठा अरू केही पनि हुन सक्दैन । त्यसो त उहाँले गर्नुभएको सिर्जनाको साधना र पुऱ्याउनुभएको योगदानका लागि सरकारी र गैरसरकारी साहित्यिक संघ-संस्थाहरूबाट तीन दर्जनभन्दा बढी नै सम्मान र पुरस्कार पाइसक्नुभएको छ । त्यसो त भाषासाहित्यको संसार मात्र उहाँको जीवन होइन । उहाँले शिक्षण क्षेत्र र प्रशासनिक क्षेत्रमा पनि अथाह योगदान पुऱ्याउनुभएको छ । जीवनका एक दशक उहाँले विभिन्न विद्यालयहरूमा अध्यापन र प्रधानाध्यापकीय जिम्मेवारी निर्वाह गनुभयो । तीन दशक सरकारी सेवामा महत्त्वपूर्ण जिम्मेवारीका साथ समर्पित हुनुभयो । विशेष प्रहरी विभागको प्रमुख, भूमिसुधार अधिकारी, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको योजना निर्देशक, प्रमुख जिल्ला अधिकारी हुनुका साथै निर्माण तथा यातायात मन्त्रालयको कामु सचिव पनि हुनुभयो । अन्तमा संस्कृति मन्त्रालयबाट सहसचिवको जिम्मेवारीबाट निवृत्त हुनुभएको थियो । यसबाट के प्रमाणित हुन्छ भने सिर्जनशील व्यक्तिलाई जेजस्ता पदीय जिम्मेवारीले बाँधे पनि सिर्जनकर्म छोड्न सक्दैन रहेछ भन्ने ठूलो उदाहरण बन्नुभएको छ आर डी प्रभास चटौत । यो अरूका लागि उदाहरण र ऊर्जा पनि हो ।

किशोर अवस्थादेखि नै भाषासाहित्यप्रतिको अगाध प्रेम र समर्पणले गर्दा उहाँ विदेश जानुहुँदा पनि नेपाली भाषा, साहित्य र संस्कृतिकै प्रवर्धनमा कटिबद्ध हुनुभएको छ । उहाँले अमेरिकाका विभिन्न राज्यमा हुने गरेका कार्यक्रमहरूमा नेपाली बोल्न, नेपाली वेषभूषा लगाउन र नेपाली गीत बजाउने अभियान चलाउनुभयो र सफलता पनि प्राप्त गर्नुभएको छ ।

मानवीय मूल्य र मान्यताको उच्च सम्मान गर्ने व्यक्तित्व उहाँ ।

अरूको पीडामा दुख्ने व्यक्तित्व उहाँ ।

आफ्नो भाषा, साहित्य र संस्कृतिमा प्रतिबद्ध व्यक्तित्व उहाँ ।

सिर्जनामा कहिले नथाक्ने समर्पित व्यक्तित्व उहाँ ।

अत्यन्तै आदरणीय अग्रज साहित्यसाधक आर डी प्रभास चटौतको सुस्वास्थ्य र दीर्घायुको लागि अशेष कामना गर्दछु ।

*-साहित्यपोष्ट डटकम*

# रामपुरका किसानलाई अनुदानमा धानको बीउ



**रामपुर (पाल्पा),** जेठ २४/पाल्पाको रामपुर नगरपालिकाले किसानलाई अनुदानमा धानको बीउ वितरण गरेको छ । धान उत्पादनलाई बढावा दिन सहुलियत मूल्यमा धान उपलब्ध गराएको हो ।

नगरपालिकाभित्र बसोबास गर्ने किसानको मागको आधारमा बीउ वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत लेखनाथ न्यौपानेले जानकारी दिए । अनुदानमा बीउ पाएपछि किसान खुसी भएका छन् । बजारका एग्रोभेटमा महँगो मूल्य तिरेर बीउ खरिद गर्न बाध्य किसानलाई कम मूल्यमा अनुदानमा बीउ पाउँदा राहत पुगेको छ । स्थानीय शारदा रेग्मी भन्छिन्-'दोब्बर तेब्बर मूल्य तिरेर बाहिरबाट खरिद गर्नुपरेको थियो, नगरपालिकाले ५० प्रतिशत अनुदानमा बीउ उपलब्ध गराएको छ, यसबाट बीउ खरिदमा हामीलाई आर्थिक भार परेन ।' यस वर्ष २० टन धानको बीउ वितरण गरिएको नगरपालिकाको कृषि शाखा प्रमुख रामहरि पाण्डेय बताउँछन् । उनका अनुसार वितरित धानमध्ये साँवा मन्सुली पाँच हजार छ सय किलो, रामधान एक हजार ९१ किलो र सावित्री धान १३ हजार छ सय ४५ किलो नगरका एक हजार ४१ किसानलाई वितरण गरिएको छ । नगरपालिकाले वितरण गरेको धानमध्ये सावित्री प्रतिकिलो ६० तथा साँवा मन्सुली र रामधान जातको धान प्रतिकिलो ६५ मूल्य पर्छ । धान वितरणका लागि नगरपालिकाले छ लाख रकम विनियोजन गरेको थियो । बाहिर बजारका एग्रोभेटमा प्रतिकिलो ९० देखि एक सय दशसम्ममा किसानले बीउ किन्ने गरेका छन् । रामपुर नगरपालिका भित्र करिब एक हजार आठ सय हेक्टर धान खेती सिञ्चित जमिन छ । किसानको सहजता, कृषि शाखामा कर्मचारी कम, व्यवस्थापनलाई सजिलो बनाउने नगरपालिकाले एकहप्ते सूचना निकालेर किसान एग्रोभेटमार्फत सम्झौता गरी बीउ वितरण कार्य गरेको प्रमुख प्रशासकीय अधिकृत न्यौपाने बताउँछन् । अघिल्ला वर्षमा नगरपालिकाले कृषि शाखामार्फत एकै पटक किसानलाई बोलाएर बीउ वितरण गर्ने गर्थ्यो । एकै पटक सबै किसान आउन नभ्याउने भएकाले सजिलो बनाउन यसवर्ष एग्रोभेटलाई जिम्मेवारी दिइएको हो । कृषिजन्य उत्पादन र प्रवर्द्धनका लागि नगरपालिकाले उन्नत बीउबिजन, विभिन्न प्रविधि वितरण, तालिम, गोष्ठी, अनुदानजस्ता कार्यक्रम गरिरहेको नगर प्रमुख रमणबहादुर थापा बताउँछन् । 'कृषि तथा पशुपालन क्षेत्रमा केही नयाँ उद्यम, व्यावसाय गर्छु भनेर आउने किसानलाई नगर सरकारले सहयोग गरिरहेको छ', उनले भने, 'उत्पादित उपजको बजारीकरणको जिम्मेवारी लिनेछ, उत्पादन वृद्धिमा किसानले चासो दिनुपर्‍यो ।' नगरपालिकाले कृषि तथा पशु उद्यम गर्नेलाई युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरी ३० लाखसम्म दुई वर्षका लागि व्याज अनुदान दिने गरेको नगर प्रमुख थापाले बताए । पछिल्ला वर्षमा रामपुरमा पक्की कुलो व्यवस्थापन भएपछि धान लगाउने क्षेत्रफल बढ्दै गएको छ । सिँचाइको सुविधा भएकाले धान उत्पादनमा क्रमिकरुपमा वृद्धि हुँदै गएको छ । रामपुर धान उत्पादनको पकेट क्षेत्र हो । *-रासस*

## बजेटमा नागरिकका माग समेट्न भन्दै...

...आन्तरिक राजश्व वृद्धि गर्न राजश्वका दरलाई वृद्धि गर्न भन्दा राजश्वका क्षेत्रहरु विस्तार गरी आत्मनिर्भर बन्न पर्यत्न गर्नुपर्ने, तानसेनमा सुविधासम्पन्न बसपार्क, सभाहल निर्माणका लागि बजेट विनियोजन गर्नुपर्ने र तानसेनको व्यापारिक गतिविधिले निराश रहेका व्यापारी र निमार्ण व्यवसायीहरुलाई हौसाला दिने कार्यक्रम ल्याउनुपर्ने माग एमालेले गरेको छ । नगर प्रमुख श्रेष्ठले नगरपालिकाले एमाले नगर कमिटिले माग गरेजस्तै निति कार्यक्रममा आधारित रहेर बजेट ल्याउन लागेको बताए । बजेट भने जति नहुन सक्छ तर कार्यक्रमहरु सबैजसो सम्बोधन हुने नगर प्रमुख श्रेष्ठले बताए ।


**Tansen Municipality Office**
**Tansen, Plapa**

## Invitation for Bids

**Date of publication: 2080/02/25(June 08, 2023)**

Tansen Municipality Office, Tansen,Palpainvites electronic bid from registered suppliers under PPMO's e-GP system www.bolpatra.gov.np/egpand hardcopy for following supply under Sealed Quotation ( SQ ). All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Hardcopy of the bidding documents can be purchased from the office on or before 2080/03/07within office hours.


**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank:** RastriyaBanijya Bank Ltd., Palpa
**Name of the Office:** Tansen Municipality Office, Tansen, Palpa
**Rajaswa Account No.:** 3030100301010004( for purchase sealed quotation document
**Bank details for Bid security ( If Cash deposit) : RanstriyaBanijya Bank, Palpa, A/C no. 3030100303000004.**

| Contract No. | Name of Project | Estimated Amount with VAT | Price of sealed quotation Document, NRs. | Bid Security Amount, NRs. | *Bid Validity Period* | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| TM/PLP/G/SQ/03/2079-080 | Supply of Pipe of Kamereshikhardada water supply progarame | 1305453.45 | 1,000.00 | 33,000.00 | *45 days* | 2080/03/8 (23June, 2023), 12:00 Hrs |

***chief administrative officer***


### खेलकुद समाचार

## सन्न्यास फिर्ता लिएर टोलीमा फर्किए मोइन अली



**काठमाडौं,** जेठ २४/इङ्ल्यान्डका प्रभावशाली क्रिकेटर मोइन अली आफ्नो सन्न्यास फिर्ता लिएर पुनः राष्ट्रिय टेस्ट टोलीमा फर्किएका छन् । उनलाई अस्ट्रेलियाविरुद्धको एसेस टेस्ट शृंखलाका लागि इङ्ल्यान्डको टोलीमा समावेश गरिएको हो ।

३५ वर्षीय मोइन अलीले सन् २०२१ को सेप्टेम्बरमा टेस्ट क्रिकेटबाट सन्न्यासको घोषणा गरेका थिए । उनले त्यतिबेला भएको इङ्ल्यान्ड र भारतबीचको टेस्ट शृंखलालगत्तै टेस्ट क्रिकेटबाट सन्न्यास लिएका थिए । त्यसयता उनले पहिलो श्रेणीको क्रिकेट खेलेका छैनन् । अस्ट्रेलियाविरुद्धको एसेस शृंखलाका लागि मोइन अलीलाई स्पिनर ज्याक लिचको स्थानमा टोलीमा समावेश गरिएको हो । ज्याक लिच भने स्वास्थ्य समस्याका कारण एसेस शृंखलाबाट बाहिरिएका हुन् । इङ्ल्यान्डका प्रशिक्षक ब्रेन्डन म्याककुलुम र कप्तान बेन स्टोक्ससँग लामो समय छलफल गरेपछि मोइन अलीले आफ्नो सन्न्यास फिर्ता लिएका हुन् ।

अलराउन्डर मोइन अलीले इङ्ल्यान्डका लागि हालसम्म ६४ टेस्ट खेलेर कुल दुई हजार नौ सय १४ रन बनाएका छन् । उनले इङ्ल्यान्डका लागि टेस्ट क्रिकेटमा एक सय ९५ विकेट पनि लिएका छन् । अस्ट्रेलियाविरुद्धको टेस्टमा भने अफ स्पिनर मोइन अलीको प्रदर्शन मिश्रित छ । अस्ट्रेलियाविरुद्ध ११ वटा टेस्ट खेल्दै उनले २० विकेट लिएका छन् । उनले अस्ट्रेलियाविरुद्धको टेस्ट क्रिकेटमा २५.०५ को औसतले कुल चार सय ७६ रन बनाएका छन् ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### स्वास्थ्य समाचार

## माथागढीका दुई स्थानमा स्वास्थ्य ईकाइ स्थापना



**पाल्पा,** जेठ २४/जिल्लाको माथागढी गाउँपालिकाका दुई स्थानमा स्वास्थ्य इकाई स्थापना भएका छन् । पालिकाले आव २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम अनुसार गाउँपालिकाको पाँच स्थानमा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गर्ने कार्यक्रम अनुसार यहाँका दुई स्थानमा अहिले स्वास्थ्य इकाई स्थापना भएका हुन् ।

यहाँका वडा ७ रहवासको मटेरी टोल र वडा ८ बहादुरपुरको ताकातुङ्ग टोलमा सामुदायिक स्वास्थ्य इकाईको औपचारिक रुपमा उद्घाटन गरिएको छ । हरेक नागरिकलाई स्वास्थ्य सेवाबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले स्वास्थ्य इकाई स्थापना गरिएको पालिकाले जनाएको छ । इकाईको गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदीले उद्घाटन गरेका हुन् । उद्घाटन गर्दै अध्यक्ष चिदीले स्वास्थ्य जस्तो संवेदशीनल विषयमा सबै नागरिकको पहुँचमा पुर्‍याउने उद्देश्यले इकाई स्थापना गरेको बताए । उनले गाउँपालिका भित्रका कुनै पनि नागरिकले स्वास्थ्य सेवा लिनबाट बञ्चित हुन नपरोस् भनेर नै पालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरेको बताए । गाउँपालिकाका उपाध्यक्ष बिष्णु मायाँ लुङ्चेले आफुहरु जनताको जनस्वास्थ्य प्रति निकै सचेत रहेकाले गाउँपालिकाको सबै जसो अपायक टोलहरुमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने आफूहरुको लक्ष्य रहको बताइन् । उनले आफू स्वास्थ्यकर्मी रहेको अवस्थामा यस्ता भौगोलिक कठिनाइले गर्दा कतिपय नागरिक स्वास्थ्य सेवाको पहुँचबाट बञ्चित हुनुपरेको वास्तविकताबारे बताउदै अब यहाँका सबै खाले नागरिकले निःशुल्क स्वास्थ्य सेवा सुविधा पाउने धारणा व्यक्त गरिन् । स्वास्थ्य शाखाका संयोजक केशवबहादुर जिसीले सार्वजनिक विदाका दिन बाहेक अन्य दिन निरन्तर स्वास्थ्य सेवा दिने बताए । कार्यक्रममा ७ का वडा अध्यक्ष जंगबहादुर दर्लामी, जग्गादाता हेम बहादुर सार्की, महेन्द्र नरेश माविका प्र.अ. छविन्द्रलाल विक., किरण केसी, फनि कुमारी थापा, वडा सदस्यहरुले आ-आफ्ना धारणा राखेका थिए । ७ का वडा अध्यक्ष जङ्गबहादुर दर्लामीको अध्यक्षता, रहवास स्वास्थ चौकीका प्रमुख भिमबहादुर रानाको स्वागतमा कार्यक्रम भएको थियो ।

***-गजेन्द्र पन्थीको सहयोगमा***

## पाल्पा गोल्ड कपको फाइनलमा होराइजन स्याङ्जा र रोडस् चितवन भिड्ने

**पाल्पा,**जेठ २४/पाल्पा फुटबल संघको आयोजनामा तानसेनको टुँडिखेल मैदानमा जारी कर्णेल उजीरसिंह पालपा गोल्ड कप फुटबल प्रतियोगितामा होराईजन फुटबल क्लव वालिङ स्याङजा र रोडस् रामपुर फुटबल क्लब चितवन फाइनलमा भिड्ने भएका छन । बुधवार तानसेनको टुँडिखेलमा भएको प्रतियोगितामा होराईजन फुटवल क्लव वालिङ स्याङजाले दि फेमश महिन्द्र दल गण पाल्पालाई २ शुन्य गोलले पराजित गरी फाइनल प्रवेश गरेको हो ।

होराईजन फुटबल क्लव वालिङ स्याङजाका १७ नं खेलाडी टिकाराज गुरुङले खेलको ७ मिनेटमै गोल गरेका थिए भने खेलको ८१ औ मिनेटमा १४ नं. खेलाडी विरेक चौधरीले गोल गरी टिम लाई विजयी बनाए । बुधवार भएको सेमिफाइनल प्रतियोगितामा टिकाराज गुरुङ म्यानअफदि म्याच भए । उनले नगद ३ हजार पुरस्कार पाएको संचार संयोजक करण चित्रकारले बताए । १२ टिम सहभागी भएको प्रतियोगिताको फाइनल जेठ २७ गते शनिबार हुनेछ । प्रतियोगितामा प्रथम हुनेले नगद ३ लाख, दोस्रो हुने टिमले नगद १ लाख ५० हजार, पालपाली करुवा ट्रफी, मेडल र प्रमाणपत्र पाउने पाल्पा जिल्ला फुटबल संघका अध्यक्ष प्रणय विरजंग राणाले जानकारी दिए । फुटवल प्रतियोगिता हेर्न तानसेनको टुडिखेलमा हजारौ दर्शकहरुको सहभागीता रहेको थियो । प्रतियोगिता हेर्न अस्थायी प्याफिट निर्माणले फुटवल प्रेमीले मजाले तानसेनको टुँडिखेलमा फुटवल हेर्न पाएका छन् ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई